# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, चैत २ गते २०६० साल (संख्या ४८

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी विराटनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री सुरेन्द्रनाथ अर्याललाई राजस्व न्यायाधिकरण विराटनगरको राजस्व सदस्य पदमा तोकेको छ ।

आज्ञाले,

डा. कुलरत्न भूर्तेल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०६१ साल वैशाख १ गतेदेखि ऐ. चैत्र मसान्तसम्म एक वर्षभरिमा मन्त्रालय, विभाग, कार्यालयहरुलाई देहायवमोजिमको सार्वजनिक एवं पर्व विदाहरु दिने निर्णय गरेको छ :-

१. वर्षभरिका शनिवार विदा :

| | | | |
|---|---|---|---|
| (क) | वैशाख - ५, १२, १९, २६ (४दिन ) | (ख) | जेठ - २, ९, १६, २३, ३० (५ दिन ) |
| (ग) | असार - ५, १२, १९, २६ (४दिन ) | (घ) | साउन - २, ९, १६, २३, ३० (५ दिन ) |
| (ङ) | भदौ - ५, १२, १९, २६ (४ दिन ) | (च) | असोज - २, ९, १६, २३, ३० (५ दिन ) |
| (छ) | कात्तिक - ७, १४, २१, २८ (४ दिन ) | (ज) | मङ्सिर - ५, १२, १९, २६ (४ दिन ) |
| (झ) | पुष - ३, १०, १७, २४ (४ दिन ) | (ञ) | माघ - २, ९, १६, २३ (४ दिन ) |
| (ट) | फागुन - १, ८, १५, २२, २९ (५ दिन ) | (ठ) | चैत - ६, १३, २०, २७ (४ दिन ) |

जम्मा : ५२ दिन

२. पर्व विदाहरु :

(क) नववर्ष वैशाख १ गते मंगलवार ।

(ख) सुदूर - पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरुमा गौरा पर्व (गौरा पूजा) भदौ ७ गते सोमवार ।

(ग) छठ पर्व मनाउने जिल्लाहरुमा मङ्सिर ३ गते विहिवार ।

(घ) इसाई धर्मावलम्वी सरकारी कर्मचारीहरुलाई क्रिसमस डे पुस १० गते शनिवार । (शनिवार परेकाले विदा भनिरहनु नपर्ने)

(ङ) ल्होसार पर्व मान्ने सरकारी कर्मचारीहरुका लागि ल्होसार पर्व पर्ने दिन ।

(च) किराँत चाड मान्ने सरकारी कर्मचारीहरुका लागि किराँत चाड पर्ने दिन, मंसिरे-पूर्णिमा ।

(छ) आदिवासी थारु जातीका सरकारी कर्मचारीहरुलाई माघी पर्व माघ १ गते शुक्रवार ।

(ज) इस्लाम धर्मावलम्वी सरकारी कर्मचारीहरुलाई इद (इदुल्ल फित्र) र बकर इद (इदुल जोहा) का दिन ।

(झ) महाशिवरात्री फागुन २५ गते मंगलवार ।

(ञ) फागु पूर्णिमा चैत्र १२ गते शुक्रवार र देहायका जिल्लाहरुमा चैत्र १३ गते शनिवार (शनिवार परेकाले विदा भनी रहनु नपर्ने) ।

जिल्लाहरुको नाम :

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ्ग | ३. सुनसरी | ४. सप्तरी |
| ५. उदयपुर | ६. सिरहा | ७. धनुषा | ८. महोत्तरी |
| ९. सर्लाही | १०. रौतहट | ११. बारा | १२. पर्सा |
| १३. चितवन | १४. नवलपरासी | १५. रुपन्देही | १६. कपिलवस्तु |
| १७. दाङ | १८. वाँके | १९. बर्दिया | २०. सुर्खेत |

(ट) जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) भदौ १४ गते सोमवार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. महिला कर्मचारीहरुको लागि मात्र :

(क) हरितालिका (तीज) असोज १ गते शुक्रवार ।
(ख) ऋषि पञ्चमी असोज ३ गते आइतवार ।
(ग) नारी दिवस फागुन २५ गते (तदनुसार मार्च ८) मंगलवार ।

४. काठमाडौं उपत्यकालाई मात्र विदा :

४.१ जात्रा विदा :

(क) इन्द्रजात्रा असोज ११ गते सोमवार ।

४.२ वर्षभरिका आइतवार विदा :

| | | | |
|---|---|---|---|
| (क) | वैशाख - ६, १३, २०, २७ (४दिन) | (ख) | जेठ - ३, १०, १७, २४, ३१ (५ दिन ) |
| (ग) | असार - ६, १३, २०, २७ (४ दिन ) | (घ) | साउन - ३, १०, १७, २४, ३१ (५ दिन ) |
| (ङ) | भदौ - ६, १३, २०, २७ (४ दिन ) | (च) | असोज - ३, १०, १७, २४ (४ दिन ) |
| (छ) | कात्तिक-१, ८, १५, २२, २९ (५ दिन ) | (ज) | मङ्सिर - ६, १३, २०, २७ (४ दिन ) |
| (झ) | पुस - ४, ११, १८, २५ (४ दिन ) | (ञ) | माघ - ३, १०, १७, २४ (४ दिन ) |
| (ट) | फागुन- २, ९, १६, २३, ३० (५ दिन ) | (ठ) | चैत - ७, १४, २१, २८ (४ दिन ) |

जम्मा : ५२ दिन

५. दसैं विदा :

(क) घटस्थापना अशोज २९ गते शुक्रवार ।
(ख) कात्तिक ४ गते वुधवारदेखि कात्तिक ९ गते सोमवारसम्म (फुलपाती देखि द्वादशीसम्म)

६. तिहार विदा :

(क) लक्ष्मीपूजा कात्तिक २७ गते शुक्रवार ।
(ख) गोवर्धन पूजा, गाइतिहार कात्तिक २८ गते शनिवार । (शनिवार परेकाले विदा भनिरहनु नपर्ने )
(ग) भाइटीका कात्तिक २९ गते आइतवार ।

७. दिवस विदा :

(क) संविधान दिवस कात्तिक २३ गते सोमवार ।
(ख) श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस पुस २७ गते मंगलवार ।
(ग) शहीद दिवस माघ १६ गते शनिवार । (शनिवार परेकाले विदा भनिरहनु नपर्ने)
(घ) राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते शुक्रवार ।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सवारी होइवक्सँदा र फिर्ती सवारी होइवक्सँदा अधिराज्यभर विदा ।

९. शुभ-जन्मोत्सव :

श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव असार २३ गते वुधवार ।

१०. शुभ-जयन्ती विदा :

(क) वुद्ध जयन्ती वैशाख २२ गते मंगलवार ।
(ख) श्रीकृष्ण जन्माष्टमी भाद्र २१ गते सोमवार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

११. कार्यालय समय:

काठमाडौं उपत्यका वाहिरका सरकारी कार्यालयको लागि मङ्सिर, पुस र माघ तीन महिना (शुक्रवार वाहेक) विहान १०:०० वजे देखि अपरान्ह ४:०० वजे सम्म र वाँकी नौ महिना विहान १०:०० वजे देखि अपरान्ह ५:०० वजे सम्म र उपरोक्त विदा नतोकिएको प्रत्येक शुक्रवारको हकमा विहान १०:०० वजे देखि दिउँसो ३:०० वजे सम्म कार्यालय समय रहनेछ ।

काठमाडौं उपत्यकाभित्रका सरकारी कार्यालयको हकमा भने मङ्सिर, पुस र माघ तीन महिना (सोमवारदेखि शुक्रवारसम्म) विहान ९:०० वजे देखि अपरान्ह ४:०० वजे सम्म र वाँकी नौ महिना विहान ९:०० वजे देखि अपरान्ह ५:०० वजे सम्म कार्यालय समय रहनेछ ।

१२. रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय तथा कार्यालयहरु (जस्तै : अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, थाना, चौकी, फायर व्रिगेड, टक्सार, रेडियो नेपाल, मुद्रण विभाग, आकाशवाणी, हुलाक) मा माथि लेखिएवमोजिम विदा पाउनेमा काम काज रोक्न नहुने उपरोक्त कार्यालयहरुका निम्ति सरकारी काम काज रोक्न नपाउने गरी प्रचलित कानून वमोजिम रित पुऱ्याएर विदा वस्न पाइने छ ।

द्रष्टव्य :

आधा दिन भन्नाले मङ्सिर, पुस र माघ तीन महिनाको निम्ति १:०० वजे र वाँकी नौ महिनाको लागि दिनको १.३० वजेसम्म सम्झनु पर्दछ तर काठमाडौं उपत्यकाको लागि आधा दिन भन्नाले मङ्सिर, पुस र माघ तीन महिनाको निम्ति दिनको १२:३० वजे र वाँकी नौ महिनाको लागि दिनको १:०० वजे सम्झनु पर्दछ ।

आज्ञाले,
अनन्तराज पाण्डे
श्री ५ को सरकारको सचिव

## नेपाल अधिराज्यका
## महालेखा परीक्षकको विभागको सूचना

**महालेखा परीक्षकले श्री ५ को सरकारको स्वीकृतिमा महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० बमोजिम लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका देहायका नायब महालेखा परीक्षकहरुलाई २०६० माघ २२ गतेदेखि जेष्ठता कायम हुने गरी सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको उप-महालेखा परीक्षक पदमा बढुवा नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ ।**

**श्री हरिबहादुर खड्का**
**श्री बच्चुराम दाहाल**

**आज्ञाले,**
**प्रचन्द्रलाल झा**
**उपमहालेखा परीक्षक**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८